नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
# राष्ट्रिय अनुसन्धान विभाग
बरफबाग, सिंहदरबार

## सूची दर्ता आह्वानसम्बन्धी सूचना

(गो.प.मा प्रकाशित मिति : २०७६।३।३१ गते)

आ.व.२०७६।७७ मा यस विभागको निम्ति आवश्यक पर्ने निम्नानुसारका सामान तथा सेवाहरू आपूर्ति गर्न इच्छुक इजाजतप्राप्त व्यक्ति, फर्म, कम्पनी एवं संस्थाहरूबाट सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ अनुसार सूची दर्ता (Standing List) को लागि यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र यस विभागको दर्ता शाखामा रु. १०।- को टिकट टाँसी दरखास्त दर्ता गराउनुहुन सम्बद्ध सबैमा सूचित गरिएको छ। आफूले गर्नचाहेको कार्यको लागि विषयगत छुट्टाछुट्टै दरखास्त दर्ता गराउनुपर्नेछ। रीत नपुगी र म्याद नाघि आएका निवेदनलाई मान्यता दिइने छैन। प्राप्त दरखास्तहरू सूचीकृत गर्ने वा नगर्ने अधिकार यस विभागमा सुरक्षित रहने छ।

**खरिद तथा आपूर्तितर्फ :-**

१. मसलन्द तथा कार्यालय सामान।
२. मेशिनरी सामानहरू (कम्प्यूटर, फोटोकपी मेशिन, प्रिन्टर, फ्याक्स मेशिन, यू.पि.एस., ईयर कण्डिसन, सि.सि.टि.भि. लगायत इलेक्ट्रिकल तथा इलेक्ट्रोनिक्स सामानहरू)।
३. सर्भर तथा नेटवर्किङ सम्बन्धी सामानहरू।
४. छपाई सम्बन्धी कार्य।
५. पिउने पानी।
६. फर्निचर एवं फर्निसिङका सामाग्रीहरू।
७. सार्वजनिक निर्माण।
८. सवारी साधनका पार्टपूर्जाहरू र डेन्टपेन्टहरू।
९. पत्रपत्रिका तथा पुस्तक।
१०. सेनिटरी तथा हार्डवेयरको सामानहरू।
११. विभिन्न पोशाकहरू र पोशाकहरूसँग सम्बन्धित सामानहरू।
१२. सञ्चार साधनका पार्टपूर्जाहरू।

**मर्मततर्फ :-**

१. सवारी साधन (मोटर, मोटरसाइकल र साइकल)।
२. मेशिनरी उपकरण (कम्प्यूटर, फोटोकपी मेशिन, प्रिन्टर, फ्याक्स मेशिन, यू.पि.एस., ईयर कण्डिसन, सि.सि.टि.भि. लगायत इलेक्ट्रिकल तथा इलेक्ट्रोनिक्स सामानहरू)।
३. भवन तथा भौतिक संरचना, रंगरोगन आदि।
४. फर्निचरहरू।
५. सञ्चार उपकरणहरू।
६. सुरक्षा उपकरणहरू (**Metal detectors and other security equipments**) मर्मत।

**सेवा :-**

१. कम्प्युटर तालिम।
२. कम्प्युटर नेटवर्क, इन्टरनेट सेवा सम्बन्धी कार्य।
३. सफ्टवेयर, हार्डवेयर।
४. कुरियर तथा ढुवानी सेवा।

**दरखास्तसाथ पेस गर्नुपर्ने कागजातहरू :-**

१. फर्म/कम्पनी दर्ता, स्थायी लेखा नम्बर, मूल्य अभिवृद्धि कर दर्ता र आ.व. २०७४।७५ को कर चुक्ता प्रमाणपत्रको नोटरी पब्लिकबाट प्रमाणित प्रतिलिपि।
२. लिखित स्वघोषणापत्र।